दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २३६ | बुटवल | २०८२ भदौं ०५ गते, बिहीबार | नेपाल संवत ११४५ | Thursday August 21, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

## लिपुलेक नाका प्रयोगबारे चीन र भारतले गरे नेपाललाई 'बाइपास'

बुटवल । चीन र भारतले नेपाललाई 'बाइपास' गरेर फेरि लिपुलेक नाका प्रयोगबारे सहमति गरेका छन् ।

चिनियाँ विदेशमन्त्री वाङ यीको दुई दिने भारत भ्रमणका क्रममा यो सहमति गरेका हुन् ।

भारतीय प्रमुख सुरक्षा सल्लाहकार एवं दुई देशको सीमा विवादबारे वार्ता गर्न तोकिएका विशेष प्रतिनिधि अजित डोभलको निमन्त्रणामा चिनियाँ विशेष प्रतिनिधिका रूपमा वाङ यी सोमबार दिल्ली पुगेका थिए ।

त्यस क्रममा भएका सहमतिबारे भारतको विदेश मन्त्रालयले १२ बुँदे विज्ञप्ति जारी गरेको छ, जसको नवौं नम्बरमा लेखिएको छ-'दुवै पक्ष लिपुलेक, सिप्की ला र नाथुला गरी तीनै व्यापारिक नाकामार्फत सीमा व्यापार पुनः खोल्न सहमत भएका छन् ।'

लिपुलेक नेपाली भूभाग हो । यसको उत्तरतर्फ चीनको तिब्बत छ। लिपुलेकभन्दा करिब १७ किलोमिटर पश्चिम लिम्पियाधुरा पर्छ, जसलाई नेपालले चीन र भारतसँगको त्रिदेशीय विन्दु मान्दै आएको छ । तर, भारतले नेपाली भूमि अतिक्रमण गरी लिपुलेक नाका हुँदै तिब्बत जाने सडक बनाएको छ र यस क्षेत्रमा सैन्य तथा सामरिक संरचना निर्माण गरेको छ।

यो भारतको राजधानी दिल्लीबाट चिनियाँ नाका पुग्ने सबैभन्दा छोटो बाटो हो ।

चीन र भारतले यस्तो समयमा यो सहमति गरेका छन्, जतिखेर प्रधानमन्त्री केपी शर्मा ओली चीनमा हुने सांघाई कोअपरेसन अर्गनाइजेसनको सम्मेलनमा जाँदै छन् । त्यहाँ भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग पनि भेट हुने अपेक्षा गरिएको छ।

यसअघि पनि यी दुवै देशले यस्तो सहमति गर्दा नेपालले विरोध जनाउँदै आएको थियो ।

## संख्या छ भन्दैमा जे पनि निर्णय गर्न हुन्न : गगन

बुटवल । सत्तारुढ दल नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले लोकतन्त्रमा संख्याको आधारमा निर्णयहरू हुने भए पनि अरुले स्वीकार गरेको छ वा छैन भन्ने विषय पनि हेरिनुपर्ने बताएका छन् ।

बुधबार काठमाडौं नन्दप्रसाद शिवाकोटीको स्मृति दिवसमा आयोजित सभालाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । सम्बोधनको क्रममा उनले संख्या छ भन्दैमा जे पनि निर्णय गर्न नहुने बताए ।

पार्टी वा संसद् जहाँ पनि बहुमतका आधारमा निर्णय हुने भएपनि त्यो वैधानिक मात्रै नभएर वैध पनि हुन आवश्यक रहेको उनको भनाइ थियो ।

'प्रत्येक निर्णय संख्याको आधारमा गरिने वैधानिक हुन्छ । पार्टीमा होला, संसदमा होला जहाँ पनि होला,' महामन्त्री थापाले भने-'तर, पार्टीमा निर्णय गरेपनि मैले गरेको निर्णय बहुमतको आधारमा छ भने पनि आम पार्टी सदस्यले त्यो निर्णय स्वीकार्छ कि स्वीकार्दैन । लोकतन्त्र चल्नका लागि वैधानिक मात्रै भएर हुँदैन वैध पनि हुनुपर्छ ।'

साथै, उनले पार्टीभित्र आत्मविश्वास र शुद्धता आवश्यक परेको पनि बताएका छन् । नेपालको राष्ट्रिय शक्ति भएको कुरा भुल्न नहुने बताउँदै उनले नेपाली काँग्रेस चुनाव नलढेको बेलामा पनि राष्ट्रिय पार्टी भएको स्मरण गरे ।

### एक वर्षमा सात सय ५५ परिवारले छोडे पुर्ख्यौली घर

# तीन वर्षमा तीन हजार परिवार तराई झरे



**लक्ष्मण घिमिरे**
*अर्घाखाँची*

बसाईसराइ कम गर्न ग्रामीण क्षेत्रमा तिव्र विकासको अवधारणा अनुरूप काम गरिए पनि बसाईसराइ रोक्न यहाँका स्थानीय तह विफल देखिएका छन् ।

संघीयता आएसँगै विकास गाउँ केन्द्रित हुँदासमेत बसाईसराइ तिव्र छ। बस्तीहरूमा जती विकास पुगेको छ त्यती नै बसाईसराइ बढ्दै गएको छ। सबै सुविधा गाउँमै पुग्दा बसाईसराइ भने रोकिन सकेको छैन।

अर्घाखाँची जिल्लाबाट गएको एक वर्षमा साढे सात सय घरपरिवारले आफ्नो पुर्ख्यौली घर छाडेका छन् । आर्थिक वर्ष २०८१/०८२ मा जिल्लाबाट ७५५ घरपरिवार बसाईसराइ लिएर यहाँबाट निस्किएका छन् । सदरमुकामसमेत रहेको सन्धिखर्क नगरपालिकाबाट १२० परिवार, शीतगंगा नगपालिकाबाट २२५, भूमिकास्थान नगरपालिकाबाट ९५, छत्रदेव गाउँपालिकाबाट १०४, पाणिनी गाउँपालिकाबाट १३१, मालारानी गाउँपालिकाबाट ८० घरपरिवार गाउँ छाडेर बाहिर गएका हुन् । राज्यले वर्षौंदेखि ग्रामीण क्षेत्रमा गर्दै आएको करोडौं लगानी खेर जाने अवस्था बनेको छ । सडक, शिक्षा, स्वास्थ्य, सिँचाइ जस्ता क्षेत्रमा तीनै तहका सरकारले लगानी गरे पनि यहाँका वासिन्दा तराईलाई आफ्नो रोजाई बनाइरहेका छन् ।

गएको एक वर्षमा दुई हजार ६४६ जना सदस्य यहाँबाट अन्यत्र जाँदा गएको ३ वर्षमा दुईहजार ९१७ घरका दश हजार ५९२ जनाले जिल्ला छाडेर अन्यत्र बसाई सरेका हुन् । आर्थिक वर्ष २०७९/०८० देखी गएको असार मसान्तसम्मको तीन वर्षमा सन्धिखर्कबाट ४३३ घरपरिवारका एक हजार ५१५ जना, शीतगंगाबाट ९१६ घरपरिवारका तीन हजार २५३ जना, भूमिकास्थानबाट ४१६ घरपरिवारका एक हजार ६३४ जना, छत्रदेवका ३९१ घरपरिवारका एक हजार ३९२ जना, पाणिनीका ४४१ घरपरिवारका एक हजार ६३२ जना, मालारानीका ३२० घरपरिवारका एक हजार १६६ जना गरी कुल दुई हजार ९१७ घरपरिवारका १० हजार ५९२ जनाले जिल्ला छाडेको तथ्याङ्कमा उल्लेख छ।

अर्घाखाँचीलगायत छिमेकी जिल्ला गुल्मी, पाल्पा, प्यूठानका ग्रामीण क्षेत्रबाट बसाईसराई गरेर जानेको संख्या डरलाग्दो नै छ। पहाडी जिल्लाहरूबाट तराई झर्नेको लर्को नै देखिएको छ। वर्षौंदेखि विकासमा पछि परेका गाउँबस्ती विकसित भएका छन् ।

घरआँगनमै ठुल्ठुला सडक, घरमै पानीको सुविधा, नजिकै विद्यालय, स्वास्थ्यचौकी छन् । यात्राको सहज पहुँच, बिजुली बत्ती, दैलोमै पसलहरूको सुविधा, सरकारी कामकाजलाई वडा कार्यालय, नगरपालिका सबै चिजको विस्तार र सुविधा हुँदाहुँदै बसाईसराइ रोकिन नसक्नु चिन्ताको विषय बनेको छ।

दुर्गम र टाढाका बस्तीहरू मात्र नभएर सदरमुकाम तथा अन्य पालिकाहरूभन्दा विकसित सन्धिखर्क नगरपालिकाबाट समेत बसाईसराइ उल्लेख्य भइरहेको देखिन्छ। गाउँमा देखिने रंगीचंगी घरहरू अहिले कुरूप देखिन्छन् ।

रातोमाटो र कमेरोले लिपपोत गरेर चिटिक्क सजाईएका घरहरू अहिले वरिपरि घाँस तथा पातपतिङ्गरले ढाकेको छ।

गाउँमा युवा त छैनन् नै पाका पुस्ताले समेत गाउँ छोड्दै जानु गम्भिर विषय भएको अधिवक्ता तेजेन्द्र पाण्डेले बताए । 'बसाईसराइका कारण गाउँबस्ती उजाडिँदै जान थालेका छन्,' उनले भने-' सुविधा थपिएका छन् तर गाउँमा मान्छे अडिन नसक्नु गम्भीर विषय हो ।'

सुविधा र अवसरको खोजीमा बसाईसराइ बढेपछि पहाड रित्तिँदै जान थालेका छन् । अर्घाखाँचीबाट अधिकांश बुटवल आसपास बसाई सर्छन् । बुटवलका अलावा कपिलवस्तु, दाङ, पोखरा र काठमाण्डौं जाने गर्दछन् ।

गाउँमा जंगली जनावरको आतंक, वरपर छरछिमेकको देखासिकी, बढ्दा राजनीति हस्तक्षेप, छोराछोरीको करकाप तथा सुविधाको अपेक्षामा गाउँ रित्तिएर जाने अवस्था बनेको कर्मचारीहरूको आधिकारीक ट्रेड युनियन (सिबिए)का जिल्ला अध्यक्ष कृष्ण वर्माले बताए । 'पहाडी जिल्लाहरूमा बाँदर, बँदेल, दुम्सी जस्ता जनावरले हैरान बनाउँदा मान्छे आफ्नो पहाडी घर छोड्न बाध्य छ,' उनले भने-'बस्छु भन्दासमेत त्यो वातावरण नभएपछि मान्छे विस्तारै रित्तिंदै जाने हो ।' जंगली जनावरको भय र सास्ती मुख्य कारण भए पनि अन्य थुप्रै कारणले बसाईसराइ बढीरहेको उनको भनाइ छ।

बसाई सरेर जाने संख्याको तुलनामा आउनेको संख्या एकदमै न्यून छ। अर्घाखाँचीका स्थानीय तहहरूले बसाईसराइ रोक्ने योजना बनाउनु पर्ने नेपाल पत्रकार महासंघका अध्यक्ष गणेश खनालले बताए । 'सबै पालिकालाई जोड्ने हो भने अर्बौंको बजेट आउँछ,' उनले भने-'बसाईसराइ रोक्ने तत्कालिन र दिर्घकालिन उपायको खोजी हुनुपर्छ ।' विकास गरेर मात्र बसाईसराइ रोक्न सकिन्न भन्ने पुष्टी भइसकेकाले जिल्लाका सबै स्थानीय तहहरूले साझा प्रयास थाल्नुपर्ने उनले बताए ।

सबै बस्तीमा मोटरबाटो पुग्ने अर्घाखाँची पहिलो जिल्ला हो । संघीयता कार्यान्वयनको अभ्यास गरिरहँदा अन्य संरचनाहरू समेत यहाँ खडा भएका छन् । बसाईसराइ रोक्न यहाँका पालिकाहरू प्रयासरत पनि छन् । बसाईसराइ रोक्नकै लागि स्थानीय सरकारले ल्याएका कार्यक्रमहरूमा समेत जनताको चाँसो कम हुँदै गएको छ। पालिकाका प्रयासहरूमा दिगोपना नहुँदा पनि केही समस्या थपिएको हो ।

युवा पुस्ताको आकर्षणबिना गाउँ फेरि पुरानै अवस्थामा फर्कने देखिंदैन । युवा पुस्ताको वैदेशिक रोजगारप्रती मोह बढ्दै जानुले पनि बसाईसराइलाई टेवा पुऱ्याइरहेको छ।

### भारत भ्रमणको उडान

# गौतमबुद्ध विमानस्थलबाट गर्न प्रधानमन्त्रीलाई पत्र



बुटवल । गौतमबुद्ध विमानस्थलबाट पाँच महिनादेखि अन्तर्राष्ट्रिय उडान ठप्प भएपछि गठित संघर्ष समितिले प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न भारत भ्रमणको उडान भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट गर्न आग्रहसहितको पत्र प्रधानमन्त्रीलाई पठाएको छ।

उद्घाटनको तीन वर्ष पुगिसक्दा समेत नियमित र पर्याप्त अन्तर्राष्ट्रिय उडान नभएपछि सिद्धार्थनगरका मेयर इश्तियाक अहमद खाँको संयोजकत्वमा गठित संघर्ष समितिले इमेलमार्फत् प्रधानमन्त्रीलाई उक्त पत्र पठाएको हो ।

'सम्माननीय प्रधानमन्त्री भारत भ्रमण जाँदा भैरहवाको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल हुँदै प्रस्थान गर्न विशेष आग्रह छ,' पत्रमा उल्लेख गरिएको छ-'भ्रमणमा विमानस्थल सञ्चालनका लागि गर्नुपर्ने कुटनीतिक पहल गर्न समेत आग्रह छ ।'

अर्बौंको लगानीमा निर्माण भएको, राष्ट्रिय गौरबको आयोजनालाई नेपाल सरकारले अनिवार्य रुपमा दीगो सञ्चालन गर्नका लागि सरकारलाई दबाब दिने र प्रधानमन्त्री भैरहवा हुँदै दिल्ली प्रस्थान गर्दा सकारात्मक सन्देश जाने भएकाले उक्त आग्रह गरिएको नगर प्रमुख खाँले बताए ।

प्रधानमन्त्रीलाई पठाएको पत्रमा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालनमा नआउँदा लुम्बिनी प्रदेशकै सिंगो विकास र समृद्धिको ढोका बन्द भएको उल्लेख छ ।'विमानस्थल दिगो रुपमा सञ्चालन हुन नसक्दा ऋण लगानीमा निर्माण भएको यस विमानस्थलबाट नेपाल सरकारले अपेक्षित रुपमा लाभ लिन सकेको छैन,' पत्रमा उल्लेख छ-'त्यसमाथि विमानस्थललाई लक्षित गरेर यस क्षेत्रमा रहेका निजी क्षेत्रबाट पर्यटन, उद्योग जस्ता क्षेत्रमा भएको अर्बौंको लगानी समेत डुब्ने अवस्थामा छ ।'

लगानीकर्ताहरु बैंकको ब्याज समेत तिर्न नसक्ने जटिल अवस्थामा रहेको उल्लेख गर्दै पत्रमा विमानस्थल दिगो रुपमा सञ्चालन नआउने हो भने यस क्षेत्रले ठूलो आर्थिक संकट व्यहोर्ने र समग्र देशकै अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्ने उल्लेख छ। 'यो विमानस्थल पूर्ण एवं दिगो रुपमा सञ्चालनमा नआउँदा सरकार यसतर्फ चिन्तित र गम्भिर नभएको हो कि भन्ने भान यस क्षेत्रका आम जनताको समेत रहेको छ,' संघर्ष समितिका संयोजक नगर प्रमुख खाँले पत्रमा उल्लेख गरेका छन्- 'विमानस्थल के-कति कारणले दिगो रुपमा सञ्चालनमा आउन नसकेको हो ? यसबारे सरकारले समेत स्पष्ट धारणा एवं जानकारी नगराएकोले थप अन्यौलता सिर्जना हुँदा जनस्तरमा आक्रोस बढ्दै गएको छ।'

विमानस्थल नियमित सञ्चालनका लागि निजी क्षेत्रका विभिन्न संघसंस्था तथा नगरवासी तथा सरोकारवालाबाट पटक-पटक विभिन्न आन्दोलन र ध्यानाकर्षणका कार्यक्रम समेत सञ्चालन हुँदै आएको, तर माग सम्बोधन नभएको पत्रमा प्रधानमन्त्रीलाई जानकारी गराइएको छ।

विमानस्थल सञ्चालन हुन नसक्नुका कारणहरु स्पष्ट पारिदिन समेत प्रधानमन्त्री समक्ष आग्रह गरिएको छ।

'बुधबार हामीले इमलेमार्फत् पत्र पठाएर यहाँको विमानस्थल प्रयोग गर्न गर्नुपर्ने आवश्यक तयारीका लागि समय दिएका छौं, प्रधानमन्त्रीको सचिवालयमा सम्पर्क गरेर के प्रतिक्रिया आउँछ बुझ्छौं,' मेयर खाँले भने -'लामो समय विमानस्थल नचल्दा सरकारकै बेवास्ताले नचलेको भन्ने पर्यटन व्यवसायी र जनतामा परेको छ, त्यसलाई गलत सावित गर्न प्रधानमन्त्रीले यो विमानस्थल प्रयोग गर्दा सकारात्मक सन्देश जान्छ भन्ने हाम्रो विश्वास छ।'

» बाँकी ३ पेजमा



दैनिक लुम्बिनी

# सम्पादकीय

## नक्सा स्विकृत गरी भवन बनाऊ

नवलपुरमा बनिरहेका विभिन्न सरकारी कार्यालयका भवन नक्सा स्वीकृत नगरी  हुनु गलत छ । सरकारी, व्यक्तिगत सबै खाले घर र भवन निर्माण गर्दा नक्शा स्वीकृत गरी बनाउनुपर्ने र नक्सा स्वीकृत गर्ने अधिकार स्थानीय तहलाई छ । सरकारी कार्यालय भवन नै नक्शा स्विकृत नगरी बनाउनुले ऐन र नियम व्यक्तिलाई मात्रै लाग्ने र सरकारी निकायलाई नलाग्ने हो भन्ने प्रश्न अहिले उठिरहेको छ। यो प्रश्न यसकारण पनि जायज छ कि ऐन र नियमको पालना गर्ने सरकारी निकाय जिम्मेवार नहुनु विडम्बना हो ।

मुलुक संघीय शासन प्रणालीमा गएसँगै ७५ जिल्लाबाट ७७ पुगे । यो सँगै नवलपरासी बर्दघाट सुस्ता पूर्व जिल्लाको जन्म भयो । त्यसमध्ये नवलपरासी बर्दघाट सुस्ता पूर्वको सदरमुकाम नवलपुरमा राख्ने निर्णय भयो । नमूना सदरमुकाम बनाउने गरी सरकारले एकीकृत ढंगले काम गरिरहेको छ । जसअनुसार अहिले ९ वटा सरकारी कार्यालय भवनका साथै सभाहल, गेट, वाल कम्पाउण्ड, केरूङ्गे खोलामा तटबन्ध र सडक कालोपत्रे लगायतका काम हुँदैछन् । अहिले यी कार्यालय भवनका लागि ५ अर्ब २१ करोड रुपैयाँमा ठेक्का भएको छ। नमूना सदरमुकाम बनाउने गरी भवन निर्माण भइरहँदा नक्शा पास नगरी बलमिचाइँ गर्नु कानुनको उल्लंघन हो ।

यी कार्यालय भवन संघीय सरकार मातहतका हुन् । सरकारी सरकारको सघन शहरी तथा भवन निर्माण आयोजनाले काम गरिरहेको छ । यो कार्यालयले यी भवन निर्माण गर्नुअघि कावासोती नगरपालिकामा नक्सा स्वीकृत गर्नुपर्ने हो तर कावासोती नगरपालिकाको जानकारीमा यी भवन छैनन् । संघीय सरकारले स्थानीय सरकारलाई अटेर गरेको बुझ्नुपर्छ । नेपालको संघीयता तीन तहको छ। तहगत सरकारबिच समन्वय र सहकार्य अनिवार्य छ। संघीय शासन प्रणालीअन्तर्गतका राज्यहरु काम गर्न स्वतन्त्र छन् । तर उनीहरुबिच समन्वय र सहकार्य कमजोर हुँदा व्यवस्थाप्रति वितृष्णा बढ्ने अराजकता आउन सक्छ।

संघीय शासन प्रणालीले राम्रो गर्छ भन्ने सन्देश प्रवाह गर्न र व्यवस्थाप्रति सकारात्मक धारणा बनाउन तहगत सरकारहरु एकअर्काप्रति जिम्मेवार जवाफदेही बन्नुपर्छ । अहिले बनिरहेका र आगामी दिनमा गुरुयोजनाअनुसार बन्ने सरकारी कार्यालय भवनको नक्शा अनिवार्य नगरपालिकाबाट स्वीकृत गरी बनाउनुपर्छ। सरकारी कार्यालयको नक्सा नगरपालिकाबाट स्वीकृत गरी बनाएको सार्वजनिक सूचना जारी गर्दा अहिले उठिरहेको प्रश्न स्वतः निवारण हुन्छ।

# सार्वजनिक सेवाको गुणस्तर



रूपचन्द्र अधिकारी

*सार्वजनिक सेवा प्रवाहमा सुधारका प्रयास नभएका होइनन् । सैद्धान्तिक रूपमा संविधानलगायत राज्यका नीति र कानुनमा नयाँ सार्वजनिक शासन (एनपिजी) भन्दा अगाडि बढेर नयाँ सार्वजनिक जोस (एनपिपी) का मान्यता अवलम्बन गरिएको छ तर व्यवहारमा सार्वजनिक प्रशासनको सुधारको पहिलो सैद्धान्तिक आधार नयाँ सार्वजनिक व्यवस्थापन (एनपिएम) को मान्यतालाई समेत पूर्ण अवलम्बन गरिएको छैन । विश्व कृत्रिम बौद्धिकताको बहसमा झुम्दै गर्दा हामीले तिनको अर्ली एडप्टर बन्नुपर्ने हो ।*



राज्यद्वारा नागरिक हित प्रवर्धन गर्न प्रवाह हुने सबै सेवा सार्वजनिक सेवा हुन् । राज्य सञ्चालनको केन्द्र भागमा रहने सरकारले आफ्ना नागरिकसमक्ष पुग्ने माध्यमका रूपमा सार्वजनिक सेवालाई लिएको हुन्छ । सेवाको आवश्यकता पहिचान, वित्तीय स्रोतको प्रबन्ध, वितरणको संस्थागत संरचना निर्माण साथै आवश्यक नीतिगत तथा कानुनी प्रबन्धलगायत कार्य आफैँले गरी वितरण कार्यमा कर्मचारीतन्त्रको भूमिका स्वीकार गर्नुपर्ने सर्वव्यापी अभ्यास छ । यद्यपि सरकारको सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिबमोजिम नै सेवाको उत्पादन र वितरण हुन्छ । यसो हुँदा सार्वजनिक सेवाको प्रभावकारिताले नागरिक र सरकारको सम्बन्धलाई परिभाषित गर्नुका साथै निरन्तरता प्रदान गर्छ। नागरिक सचेतना, जनसंख्या वृद्धि, मानव अधिकारको जागरण, लोकतान्त्रिक शासन पद्धति, शासनमा बहुपात्रको उपस्थिति, सीमित शासनको मान्यता, विकास साझेदारहरूको सबलीकरण र सूचना तथा सञ्चार प्रविधिको विकाससँगै कृतिम बौद्धिकताको तीव्र प्रतिस्पर्धाका कारण सार्वजनिक शासन र प्रशासनमा नयाँ प्रवृत्ति विकास भइरहेका छन् । विकसित प्रवृत्ति साथसाथै नयाँ चुनौती सिर्जना हुने क्रमले पनि निरन्तरता पाएको छ।

सिद्धान्तद्वारा परिभाषित प्रवृत्तिभन्दा फरक पछिल्ला केही उदाहरणले शासन र प्रशासनको भूमिका, क्षेत्र र दायरामा तीव्र विस्तार भएको छ । सार्वजनिक सेवा प्रवाहको सन्दर्भमा सेवाको परिभाषादेखि उत्पादन र वितरणलाई पछिल्ला परिवर्तनले प्रभावित तुल्याएका छन्। सामान्यतया लोककल्याणकारी राज्यको भूमिका निर्वाह गर्न सरकारले नियमित र आधारभूत कार्य, विकाससम्बन्धी कार्य तथा आकस्मिक कार्य गर्दै आएकोमा यी सबै भूमिकामा ठुलो परिवर्तन आएको छ। नागरिकप्रति सम्पूर्ण दायित्व सरकारको काँधमा रहँदै गर्दा उच्च कार्यबोझले सरकार थिलथिलो हुने निश्चित नै थियो । एउटा समयमा राज्यको भूमिकालाई सुसारे वा धाईआमाको भूमिकाबाट मुक्त गर्नुपर्ने आवाज सुनिन थालेपछि सरकारको भूमिकामा परिवर्तनको बहस छेडियो । सरकारको बृहत्तर कार्यक्षेत्र र जिम्मेवारी साथै प्रक्रियामुखी कार्यशैलीले गर्दा सार्वजनिक सेवा प्रवाहमा परिमाण, समय, लागत र परिणाम सबै पक्षमा प्रतिक्रियाले स्थान पाउनु स्वाभाविक नै थियो । उक्त समयबाट नै सार्वजनिक प्रशासनमा विकसित नवीन प्रवृत्तिको निरन्तर विकास र सोको अवलम्बनमार्फत सेवा प्रवाहका विधि, पद्धति र तरिकामा सुधार गर्नुपर्ने बाध्यकारी परिपाटीको विकास भएको हो ।

वर्तमान समय निजी क्षेत्रका असल व्यवस्थापकीय अभ्यासको आन्तरिकीकरण, नागरिक/सेवाग्राही केन्द्रित सेवा, सेवाको उत्पादन, वितरण र नीति निर्माणमा क्रमशः सहउत्पादन र सहनिर्माणको क्रमबद्ध विकास हुँदै वर्तमान समयमा कृत्रिम बौद्धिकताको माध्यमबाट सेवा प्रवाह हुनेसम्मको परिवर्तन सम्मुख छ। यो समग्र अवस्था विश्व सन्दर्भ हो तर नेपालको सन्दर्भ केही नौलो छ। नौलो हुनुको कारण विश्व सन्दर्भभन्दा अझ फरक सेवाको उत्पादन र वितरण हुनुपर्नेमा कार्यान्वयन पक्षको कमजोरी रहेको छ। विश्वमा कृत्रिम बौद्धिकताको तीव्र विकास र परिवर्तन भइसक्दा हाम्रो सार्वजनिक सेवा प्रवाह/सार्वजनिक प्रशासनमा लालफित्ता शाही प्रवृत्तिलाई अझै निर्मूल गर्न नसकिएको प्रशस्त गुनासो सुनिन्छ । यो फगत गुनासो मात्र नभएर अध्यागमन कार्यालय, कम्पनी रजिस्ट्रारको कार्यालय, यातायात कार्यालय र कर कार्यालयलगायत अधिकांश सरकारी कार्यालयमा सेवा लिन जाने जो कोहीले पनि भोग्न सकिने अवस्था हो । यो प्रवृत्तिले सिर्जना गर्ने भयावह स्थिति यो छ कि सेवाग्राही नागरिक सेवाप्राप्त गर्न कानुन वा मापदण्डले स्वीकार गर्ने वैधानिक शुल्कबाहेक अतिरिक्त शुल्क बुझाउनसमेत तयार देखिन्छन् । यस कार्यप्रक्रियाबाट सेवा प्रदायक र सेवाग्राही दुवै पक्षले भ्रष्टाचार स्वीकार र संस्थागत गर्न सहयोग गरेको पुष्टि हुन्छ । बिचौलियाको मोलमोलाई र झन्झटिला प्रक्रियाको सामना गर्नु नपरोस् भन्ने सोचका साथ सेवाग्राही यस विन्दुमा आइपुग्नु सुशासनका लागि गम्भीर चुनौती हो । राज्यले यो अवस्थालाई निकै गम्भीरताका साथ लिनु पर्छ । विज्ञान र प्रविधिको चामत्कारिक विकासमार्फत छिनछिनमा सार्वजनिक प्रशासनमा नयाँ अभ्यास गर्ने आजको दुनियाँमा नेपालमा भने कर्मचारीको रुखो व्यवहार, परम्परागत प्रक्रियाले झेलिएको कार्य प्रक्रिया, सेवाग्राही अमैत्री भौतिक पूर्वाधार, बिचौलियाको प्रभाव र अवैधानिक शुल्कलगायतका गलत प्रवृत्तिसँग जुध्नु परेको छ।

सार्वजनिक सेवा प्रवाहमा सुधारका प्रयास नभएका होइनन् । सैद्धान्तिक रूपमा संविधानलगायत राज्यका नीति र कानुनमा नयाँ सार्वजनिक शासन (एनपिजी) भन्दा अगाडि बढेर नयाँ सार्वजनिक जोस (एनपिपी) का मान्यता अवलम्बन गरिएको छ तर व्यवहारमा सार्वजनिक प्रशासनको सुधारको पहिलो सैद्धान्तिक आधार नयाँ सार्वजनिक व्यवस्थापन (एनपिएम) को मान्यतालाई समेत पूर्ण अवलम्बन गरिएको छैन । विश्व कृत्रिम बौद्धिकताको बहसमा झुम्दै गर्दा हामीले तिनको अर्ली एडप्टर बन्नुपर्ने हो। यसको विपरीत सेवाग्राही नागरिक प्रशासनिक ढिलासुस्ती र प्रक्रियाका फेहरिस्तसँग जुध्नुपर्ने बाध्यता छ। समग्र शासकीय मान्यतामा आएको परिवर्तनले शासकीय गतिविधिलाई बहुपात्रयुक्त बनाएको छ।

शासनमा सरकारबाहेक निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी सङ्घ संस्था, विकास साझेदार र अन्य अनौपचारिक पात्रको उपस्थिति छ । यही अभ्यासले सार्वजनिक सेवामा पनि सेवाको बहुउत्पादक र बहुवितरक हुने नै भए। जसले सरकारको कार्यबोझ कम हुँदै गएको छ। साथसाथै राज्यबाहेकका क्षेत्रको परिचालन, नियमन र उनीहरूसँग समन्वय गर्ने जिम्मेवारी थप भएको छ तर व्यवहारतः जसरी सार्वजनिक सेवाको उत्पादन र वितरणमा एकल प्रभावकारिता पुष्टि हुन सकेन ठिक त्यसै गरी परिचालन, नियमन र समन्वयको भूमिकामा पनि सरकार कमजोर बन्दै गएको अनुभूति गर्न सकिन्छ।

विश्वव्यापीकरणको प्रभाव र उदारिकृत शासन पद्धति अवलम्बन भएको राज्यमा सरकारले प्रवाह गर्ने सेवाको गुणस्तरमा प्रश्न उठ्दा त्यसको विकल्प रहन्छ । त्यो भनेको राज्यबाहेकका क्षेत्रको परिचालनमार्फत् सार्वजनिक सेवाको उत्पादन र वितरण गर्नु हो, तर फेरि राज्यको भूमिका शून्य बनाएर सम्पूर्ण शासकीय अभिभारा राज्यबाहेकका क्षेत्रमा सुम्पिने भन्ने अवस्था रहँदैन । यसर्थ शासकीय गतिविधिमा शासकीय साझेदारको भूमिका विस्तार गर्ने र समानान्तर रूपमा उनीहरूको कार्यशैलीप्रति प्रभावकारी नियमन गर्नै पर्छ । यसो गर्दा उनीहरू आफ्नो सीमाभित्र रहेर कार्यसम्पादन गर्न सचेत रहन्छन्। व्यवहारतः यसो हुन नसक्दा नेपालमा निजी क्षेत्रको सफल अभ्यास सार्वजनिक क्षेत्रमा अवलम्बन गर्नुपर्ने एनपिएमको मान्यतालाई समेत चक्मा दिँदै निजी क्षेत्र नाफामा मात्र केन्द्रित भएको देखिन्छ। यसो हुँदा सार्वजनिक प्रशासनको सुधार फिक्का हुँदै गएको छ । सार्वजनिक सेवा र सार्वजनिक वस्तुको गुणस्तर क्रमशः सार्वजनिक हित र मानव स्वास्थ्यप्रति निकै प्रतिकूल देखिन्छ। यसको प्रभावित पक्ष झट्ट हेर्दा नागरिक मात्र देखिन्छन् । यद्यपि नागरिकको राज्यप्रति निर्माण हुने दृष्टिकोणले धेरै परिणामको सामना गर्नुपर्ने हुन्छ। देशको शासन सञ्चालन गर्ने राजनीति र प्रशासन सञ्चालन गर्ने कर्मचारीतन्त्रमा यस्ता पक्षहरूमा ध्यान नपुगेर सुधार तथा रूपान्तरण नहुँदाकै परिणामस्वरूप आज युवाको अत्यधिक संख्या देश बाहिर रहन पुगेको छ। विश्वव्यापीकरणलाई रोक्न नसकिने भएता पनि कति सुधार गर्न सकियो र प्रतिस्पर्धात्मक सक्षमता विकास भयो भन्ने तथ्यलाई कदापि भुल्न सकिँदैन र हुँदैन । कृषियोग्य जमिन बाँझो राखेर अदक्ष जनशक्तिको रूपमा जोखिमपूर्ण श्रम गर्न युवा खाडी मुलुक जान बाध्य हुनुमा विश्वव्यापीकरणको लाभ प्राप्त गरेको महसुस राज्यले गर्छ भने सरासर कमजोरी हो। यसो हुनुमा धेरै हदसम्म सार्वजनिक नीति तर्जुमा र सार्वजनिक सेवाको उत्पादन र वितरण प्रक्रियामा रहेको गम्भीर त्रुटि जिम्मेवार छ। शिक्षा र स्वास्थ्य जस्ता सामाजिक क्षेत्रमा भएको तीव्र निजीकरणले सिर्जना गरेको मध्यम वर्गको पहुँचसँगको सम्बन्धविच्छेद र राज्यको लगानीको प्रभावहीनताले यो हदसम्मको अवस्था निम्त्याउन मद्दत गरेको छ। पूर्वाधार विकासको अवस्थालाई हामीले सन्तोषजनक रूपमा नियाल्ने गरिएकोमा यो आफैँमा एआई दुनियाँमा सामान्य रहेको छ।

यथास्थितिलाई निरन्तरता दिन पनि राज्यको वित्तीय क्षमतालाई धौ धौ परिरहेको छ । यसका लागि नवीन वित्तीय उपकरणको खोज र अवलम्बनमा राज्यले निकै तदारुकता प्रस्तुत गरिरहेको छ । यद्यपि व्यवहार र नीतिजन्य परिवर्तनमार्फत गर्न सकिने सार्वजनिक सेवाको गुणस्तरको सुधार सन्दर्भमा पर्याप्त ध्यान पुगेको छैन । यसर्थ राजनीतिक र प्रशासनिक पदाधिकारीको नैतिक आचरणमा सदाचार अवलम्बनमार्फत् नागरिक सन्तुष्टिलाई प्राथमिकतामा राखेर सार्वजनिक नीति तर्जुमा तथा सेवाको उत्पादन र वितरण गर्नु पर्छ। गोपबाट

# अस्पताल क्षेत्रमा हेल्थकेयर मार्केटिङ : बिरामीसँग नजिक हुने नयाँ युग

रोशन अधिकारी

आजको प्रतिस्पर्धात्मक स्वास्थ्य क्षेत्रमा अस्पताल केवल उपचार केन्द्र मात्र होइनन्, बिरामीले कुन अस्पताल रोज्ने भन्ने निर्णयमा गुणस्तरीय सेवा, विश्वास, सजिलो पहुँच र समयमै प्राप्त जानकारी निर्णायक भूमिका खेल्छ। यही कारणले अहिले अस्पतालहरूमा हेल्थकेयर मार्केटिङको महत्व झनै बढेको छ। आधुनिक डिजिटल युगमा बिरामीहरू सामाजिक सञ्जाल, वेबसाइट र अनलाइन समीक्षामार्फत् जानकारी खोज्ने भएकाले प्रभावकारी मार्केटिङबिना अस्पतालले आफ्नो सेवा र मूल्य जनतासम्म पुऱ्याउन गाह्रो पर्छ। अब अस्पतालले गुणस्तरीय उपचारसँगै सचेतनामूलक सन्देश, बिरामीमैत्री कार्यक्रम र डिजिटल उपस्थितिलाई जोड्नैपर्ने समय आएको छ, जसले केवल बिरामीलाई लाभ पुऱ्याउँदैन, अस्पतालको दीर्घकालीन सफलता र प्रतिष्ठा पनि सुनिश्चित गर्छ।

विश्वमा स्वास्थ्य सेवा दिन-प्रतिदिन प्रतिस्पर्धी हुँदै गएको छ । नयाँ अस्पताल, क्लिनिक र नर्सिङ होमहरू खुलेका छन्, बिरामीको अपेक्षा बढिरहेको छ र डिजिटल माध्यमबाट जानकारी लिनु सामान्य भएको छ। यस्तो परिस्थितिमा प्रभावकारी मार्केटिङबिना कुनै पनि अस्पतालले आफ्नो सेवा जनतासम्म पुऱ्याउन सक्दैन। आज विश्वभर स्वास्थ्य क्षेत्रमा ३०% भन्दा बढी बिरामीहरूले अस्पताल रोज्दा अनलाइन समीक्षाको आधारमा निर्णय गर्ने गरेका छन् । नेपालमा पनि डिजिटल माध्यम र सामाजिक सञ्जालको प्रयोग बढेसँगै अस्पतालहरूले आफ्नो छवि र विश्वास निर्माण गर्न मार्केटिङलाई प्राथमिकतामा राख्न थालेका छन् ।

अस्पतालको मुख्य उद्देश्य उपचार मात्र होइन, बिरामीलाई समयमै सचेत गराउनु पनि हो । हेल्थकेयर मार्केटिङले गर्ने पहिलो महत्त्वपूर्ण काम भनेको बिरामीलाई सचेत र सजग बनाउनु हो । "उपचारभन्दा रोकथाम नै राम्रो" भन्ने भनाइलाई व्यवहारमा उतार्न अस्पतालहरूले सचेतनामूलक अभियान सञ्चालन गर्न थालेका छन्। विभिन्न स्वास्थ्य शिविर, रक्तचाप वा मधुमेह परीक्षण, क्यान्सर स्क्रिनिङ, पोषणबारे परामर्श र मानसिक स्वास्थ्य सचेतनामूलक कार्यक्रममार्फत् बिरामीलाई जानकारी पुऱ्याउन सकिन्छ।

यस्ता अभियानले बिरामीलाई मात्र नभई सम्पूर्ण समुदायलाई सजग र सचेत बनाउन मद्दत गर्छ। विशेष गरी हृदय रोग, मधुमेह वा क्यान्सर जस्ता गम्भीर रोगहरू समयमै पत्ता लगाउन सके उपचार सजिलो हुन्छ भन्ने सन्देश प्रचार गर्न मार्केटिङ अत्यन्तै प्रभावकारी हुन्छ। वैज्ञानिक तथ्यांकले पनि देखाएको छ कि जीवनशैलीमा सानो सुधारले करिब ६० प्रतिशत गैर-संक्रामक रोगहरू रोकथाम गर्न सकिन्छ । यस्तो तथ्यलाई जनतासम्म पुऱ्याउनु भनेको अस्पतालको सामाजिक दायित्व मात्र होइन, समाजप्रतिको योगदान पनि हो।

विश्वास र प्रतिष्ठा निर्माण गर्नु अर्को महत्त्वपूर्ण पक्ष हो । बिरामीले कुन अस्पताल रोज्ने भन्ने निर्णय गर्दा विश्वास नै पहिलो आधार हुन्छ । बिरामीको उपचार अनुभव, चिकित्सकको दक्षता, आधुनिक प्रविधिको प्रयोग र अस्पतालले हासिल गरेका उपलब्धिहरूलाई प्रचारमार्फत् समुदायमा पुऱ्याउँदा प्रतिष्ठा बलियो हुन्छ। जब अस्पतालले पारदर्शिता अपनाउँछ र बिरामीमैत्री दृष्टिकोणलाई प्राथमिकता दिन्छ, तब जनतामा स्वाभाविक रूपमा विश्वास पैदा हुन्छ। मार्केटिङ यस विश्वास निर्माणको माध्यम बनेर अस्पताललाई दीर्घकालीन सफलतामा पुऱ्याउँछ । वास्तवमा भन्नुपर्दा, विश्वास जित्ने अस्पताल नै बिरामीको पहिलो रोजाइ बन्ने सम्भावना बढी हुन्छ।

आजका बिरामी उपचारपछि पनि अस्पतालसँग निरन्तर सम्पर्क चाहन्छन्। उनीहरू नियमित स्वास्थ्य जानकारी, पुनः परीक्षण, नयाँ सुविधा वा सेवाबारे अद्यावधिक पाउन चाहन्छन्। यसलाई सहज बनाउन अस्पतालहरूले न्यूजलेटर, एसएमएस सन्देश, हेल्थ एप्स र सामाजिक सञ्जालमार्फत जानकारी पुऱ्याउन थालेका छन्।

यसरी बिरामीसँग निरन्तर सम्पर्कमा रहँदा अस्पताल र बिरामीबीच आत्मीय सम्बन्ध कायम हुन्छ, जसलाई निष्ठा भनिन्छ। एक अध्ययनले देखाएको छ कि उपचारपछि पनि अस्पतालसँग निरन्तर सम्पर्क भएको खण्डमा करिब ८५ प्रतिशत बिरामी अर्को पटक पनि त्यही अस्पताल रोज्ने सम्भावना हुन्छ। यसरी निरन्तर सम्पर्क राख्नु केवल सन्देश पुऱ्याउने माध्यम मात्र नभई दीर्घकालीन सम्बन्ध र अस्पतालको स्थिरताको आधार हो । अस्पतालको वृद्धि र दिगो भविष्य सुनिश्चित गर्न आधुनिक प्रविधि, उच्चस्तरीय सेवा र नयाँ विभाग विस्तार गर्न स्थिर बिरामी प्रवाह आवश्यक हुन्छ। यसका लागि मार्केटिङ प्रभावकारी साधन हो। नयाँ बिरामी आकर्षण गर्ने, चिकित्सक र स्वास्थ्यकर्मीहरूसँगको रेफरल नेटवर्कलाई मजबुत पार्ने, विशेष उपचार सेवा वा नयाँ विभागबारे जानकारी पुऱ्याउने कार्यमार्फत् अस्पतालले आफ्नो उपस्थितिलाई मजबुत बनाउन सक्छ।

उदाहरणका लागि, कुनै अस्पतालले किड्नी ट्रान्सप्लान्ट, मुटु उपचार वा क्यान्सर व्यवस्थापनमा विशेषता राख्छ भने यसको जानकारी जनतासम्म समयमै पुग्नु अत्यन्तै आवश्यक हुन्छ। यसले बिरामीलाई सुविधा प्राप्त गराउँछ भने अर्कोतर्फ अस्पताललाई प्रतिस्पर्धी बजारमा मजबुत बनाउँछ। दीर्घकालीन दृष्टिकोणले हेर्दा गुणस्तरीय उपचारसँगै प्रभावकारी प्रचारले मात्र अस्पताललाई टिकाउ सफलता दिलाउन सक्छ। अस्पताल समाजकै अभिन्न हिस्सा भएकाले समुदायसँग सहकार्य र सामाजिक उत्तरदायित्व पनि हेल्थकेयर मार्केटिङको प्रमुख पक्ष हो। निःशुल्क स्वास्थ्य शिविर, रक्तदान कार्यक्रम, सरसफाइ अभियान, विद्यालयस्तरीय स्वास्थ्य शिक्षा वा महामारीका समयमा अग्रणी भूमिका खेल्ने अभ्यासले अस्पताललाई केवल उपचार केन्द्र मात्र नभई सामाजिक उत्तरदायी संस्था बनाउँछ।

जब यी गतिविधिहरूलाई प्रचारमार्फत प्रभावकारी ढङ्गले प्रस्तुत गरिन्छ, तब समुदायले अस्पताललाई अझ नजिकबाट अनुभव गर्न सक्छ। यसरी अस्पतालले आफ्नो सामाजिक छवि बलियो बनाएर समुदायसँग दीर्घकालीन सम्बन्ध कायम गर्न सक्छ।

आजको डिजिटल युगमा अस्पतालहरूको भूमिका केवल उपचार केन्द्रमा सीमित छैन । बिरामीहरू अब उपचार खोज्दा केवल चिकित्सक वा अस्पतालको भौतिक उपस्थितिमा भर पर्दैनन्; उनीहरूले अनलाइन माध्यम, सामाजिक सञ्जाल, मोबाइल एप्स, वेबसाइट र अनलाइन समीक्षामार्फत् पनि अस्पतालको सेवा र गुणस्तरको मूल्याङ्कन गर्छन्।

डिजिटल प्लेटफर्ममार्फत् अस्पतालले आफ्ना सेवाहरू, विशेषज्ञ चिकित्सक, नयाँ सुविधा र स्वास्थ्य सचेतनामूलक कार्यक्रमलाई व्यापक समुदायसम्म पुऱ्याउन सक्छ । यसले बिरामीलाई सजिलो पहुँच प्रदान गर्छ। उदाहरणका लागि, डिजिटल मार्केटिङमार्फत् बिरामीले अनलाइन अपोइन्टमेन्ट बुक गर्न, विशेषज्ञ डाक्टरको समय तालिका हेर्न र टेलिमेडिसिन सेवामार्फत् घरमै बसेर परामर्श लिन सक्छन्। यसले विशेष गरी टाढा रहेका बिरामी वा भौतिक रूपमा अस्पतालसम्म पुग्न सक्न नहुने व्यक्तिहरूलाई ठूलो सुविधा पुऱ्याउँछ। साथै, डिजिटल उपस्थितिले अस्पताललाई आफ्नो ब्रान्ड मजबुत बनाउन मद्दत गर्छ । वेबसाइट, फेसबुक, युट्युब, इन्स्टाग्राम र लिंक्डइन जस्ता प्लेटफर्ममा नियमित स्वास्थ्य सुझाव, अभियान, सफलता कथा र बिरामी अनुभव साझा गर्दा बिरामीमा आत्मीयता र विश्वास बढ्छ।

डिजिटल मार्केटिङमार्फत् अस्पतालले  केवल स्थानीय स्तरमा मात्रै होइन, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा पनि आफ्नो पहुँच विस्तार गर्न सक्छ। अनुसन्धानले देखाएको छ कि करिब ७० प्रतिशत मानिसले अस्पताल वा चिकित्सकबारे जानकारी इन्टरनेटमै खोज्छन् । त्यसैले अस्पतालले डिजिटल रणनीतिलाई प्राथमिकता दिनु जरुरी छ । यसले बिरामीलाई जानकारी दिनु मात्र होइन, अस्पतालको प्रतिष्ठा निर्माण, दीर्घकालीन सम्बन्ध कायम राख्ने र नयाँ बिरामी आकर्षण गर्ने आधार पनि तयार गर्छ।

हेल्थकेयर मार्केटिङ कुनै विलासिता होइन, यो आजको समयमा अस्पतालका लागि रणनीतिक आवश्यकता हो। यसले बिरामीलाई स्वास्थ्यबारे सचेत गराउने, विश्वास निर्माण गर्ने, बिरामीसँग नजिक हुने, अस्पतालको प्रतिष्ठा बढाउने र दीर्घकालीन टिकाउपन सुनिश्चित गर्ने आधार तयार गर्छ।

गुणस्तरीय उपचारसँगै जब अस्पतालले प्रभावकारी मार्केटिङलाई जोड्छ, तब मात्र समाजमा सशक्त योगदान गर्न र बिरामीको पहिलो रोजाइ बन्न सक्षम हुन्छ।

*लेखक मणिपाल शिक्षण अस्पतालमा मार्केटिङ प्रबन्धकको रूपमा कार्यरत छन्।*

**भारत...**

संघर्ष समितिले अर्बौंको लगानीमा बनेको विमानस्थल महिनौंसम्म अन्तर्राष्ट्रिय उडानविहीन हुँदा पर्यटन व्यवसायीमा निराशा छाएकाले रुपन्देहीका १६ वटै स्थानीय तहका प्रमुख सम्मिलित टोलीले छिट्टै प्रधानमन्त्री केपी शर्मा ओली समक्ष डेलिगेशन जाने निर्णय समेत गरेको छ।

विमानस्थललाई नियमित रुपमा सञ्चालनका लागि बुद्ध जन्मस्थल लुम्बिनीमा निर्माण भएका विदेशी गुम्बाहरुसँग छलफल गरी सम्बन्धित राष्ट्रका राजदूतहरुसँग समेत समन्वय गर्न समितिले प्रधानमन्त्रीसँग अनुरोध गर्ने निर्णय गरेको छ। बैठकले विमानस्थलमा निर्माण गरिएको कार्गो समेत सञ्चालनमा जोड दिएको छ।

कार्गो सञ्चालनमा ल्याएमा रुपन्देहीलगायत तराई र नेपालका विभिन्न पहाडी तथा हिमाली जिल्लाका कृषि तथा जडीबुटी विदेश निर्यात हुने प्रचूर सम्भावना रहेको संघर्ष समितिका सदस्य महेन्द्रकुमार श्रेष्ठले बताए।

काठमाडौंमा रहेका ठूला पर्यटन व्यवसायीको दबाबमा परेर गौतम बुद्ध विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानमा सरकारको चासो नभएको आरोप यस क्षेत्रका समग्र पर्यटन व्यवसायी तथा स्थानीयको छ।

विमानस्थलबाट गत अप्रिलदेखि कुनै पनि अन्तर्राष्ट्रिय उडान भएका छैनन्। त्यसअघि सन् २०२५ को जनवरीदेखि मार्चसम्म ३ महिनामा भने अन्तर्राष्ट्रिय उडान सन्तोषजनक थियो। उक्त अवधिमा २९९ अन्तर्राष्ट्रिय उडान भएका थिए।

त्यो अवधिमा काठमाडौंको त्रिभुवन विमानस्थल मर्मत भइरहेकाले नेपाल एअरलाइन्स, जजीरा, फ्लाई दुबई र थाई एअर एसियाले भैरहवाबाट अन्तर्राष्ट्रिय उडान गरेका थिए। उक्त ३ महिनामा मात्रै १५ हजार १४८ यात्रुले विमानस्थल प्रयोग गरेका थिए।

जाडो मौसममा भिजिबिलिटीको समस्या देखाउँदै विदेशी एअरलाइन्सहरुले उडान स्थगित गरेका थिए। पछि नेपाल नागरिक उड्डयन प्राधिकरणले आरएनपीएआर प्रविधि लागू गरेपछि करिब एक महिना अन्तर्राष्ट्रिय उडान पुनः सुरु भए पनि त्रिभुवन विमानस्थल मर्मत सकिएपछि चैत १६ देखि भैरहवाबाट पुनः उडान बन्द भएको हो। उद्घाटन भएको तीन वर्ष पूरा भइसक्दा पनि विमानस्थलबाट अन्तराष्ट्रिय उडान नियमित र पर्याप्त नभएपछि व्यवसायीहरू पटक-पटक आन्दोलन गरिरहेका छन्। तर पनि विमानस्थल सञ्चालन नहुँदा उनीहरुमा निराशा छाएको छ।

२०७९ जेठ २ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गरेको यो विमानस्थलबाट बुद्ध जन्मस्थल लुम्बिनी २५ मिनेटमै पुगिन्छ। बुद्ध जन्मस्थल लुम्बिनीमा बौद्धमार्गी विदेशी पर्यटक भित्राएर धार्मिक पर्यटनको प्रवेशद्वार बनाउने अपेक्षा गरिएको थियो। तर, विदेशी पर्यटकको आगमन शून्य भएपछि धेरै होटलहरू घाटामा गएका छन्। कतिपय होटेलहरु ऋण तिर्न नसकेर विक्रि भइसकेका छन्।

विमानस्थलमा महाप्रवन्धक प्रतापबाबु तिवारीले गत अप्रिलदेखि अन्तर्राष्ट्रिय उडान नभएको बताउँदै आउने अक्टुबर २६ देखि थाई एअरले साताको दुई उडान सुरु गर्ने तयारी गरेको बताए।

विमानस्थलका प्रवक्ता विनोद राउतका अनुसार दैनिक ५० अन्तर्राष्ट्रिय उडान क्षमता र वार्षिक ३० लाख बढी यात्रु प्रस्थान गर्नसक्ने क्षमता छ।

विमानस्थलमा एकपटकमा ५ वटा न्यारोबडी वा एउटा वाइडबडी र ३ न्यारोबडी जहाज उडान र पार्किङ् गर्नसक्ने क्षमता छ।

विमानस्थलको आइसीपी १ निर्माणमा ६ अर्ब ६३ करोड भुक्तानी भएको छ भने आइसीपी २ निर्माणमा ४५ लाख १५ हजार ६०९ अमेरिकी डलर र ७९ लाख ८ हजार रुपैयाँ गरी अहिलेको विनिमय दरअनुसार कूल ६३ करोड रुपैयाँ बढी भुक्तानी भएको नागरिक उडड्यन प्राधिकरणले जनाएको छ।

कूल लागतमध्ये एशियाली विकास बैंकको ऋण र अनुदान ३७ मिलियन अमेरिकी डलर, ओपेक फन्ड फर इन्टरनेसनल डेभलपमेन्टको ऋण करिब ११ मिलियन अमेरिकी डलर र २८.१ मिलियन अमेरिकी डलर नेपाल सरकारको लगानी भएको छ।

उद्घाटन भएको ३ वर्ष पुगिसक्दा समेत अन्तर्राष्ट्रिय उडानहरू नियमित हुन नसकेर आलोचित बनिरहेको बेला गौतमबुद्ध विमानस्थलको जग्गा अधिग्रहण र मुआब्जा वितरणको विषय समेत विवादमा तानिएको छ।

विमानस्थलका लागि झण्डै एक दशकअघि पटक-पटक गरेर ४ सय ५२ बिघा जग्गा अधिग्रहण गरी साढे २२ अर्ब ६८ करोड रुपैयाँ मुआब्जा वितरण गरिएको थियो।

अहिले विमानस्थलको कूल जग्गा ८०६ बिघा छ। जसमा पूर्व-पश्चिम दिशामा ३ किलोमिटर लम्बाइ र ६० मिटर चैडाइको धावनमार्गसहित इन्टरफेन्सभित्रको जगा ३१० बिघा छ। बाँकी आउटर फेन्स भित्र छ। नर्थवेस्ट सिभिल एयरपोर्ट कन्स्ट्रक्सन ग्रुप चाइनाले विमानस्थल बनाएको हो। सार्वजनिक लेखा समितिअन्तर्गतको उपसमिति सदस्यहरुले रनवे भन्दा दक्षिणतर्फ भारतको सीमाभन्दा डेढ किलोमिटर उत्तरसम्म खोला आसपासको ठूलाठूला भंगालो (खाल्डा) आसपासमा आवश्यकता नै नभएको कमसल जग्गा ठूलो परिमाणमा खरिद गरी अर्बौं रकम मुआब्जा बाँड्नुका पछाडि नीतिगत र आर्थिक भ्रष्टाचार लुकेको भन्दै थप छानबिन गर्नुपर्ने माग गरेका छन्।

महाप्रबन्धक तिवारीले सरकारी स्वामित्वका नेपाल एअरलाइन्स र हिमालयन एअरलाइन्सले आफ्नो प्रतिस्पर्धी क्षमता बढाउन जहाज थप्नुपर्ने र केही जहाज गौतमबुद्ध विमानस्थललाई डेडिकेटेड गर्न आवश्यक रहेको औंल्याए।


## सार्वजनिक आमन्त्रणा

## नेपालमा विद्युतीय चुलोबाट खाना पकाउने परियोजनाः स्थानीय सरोकारवालाहरूसँग परामर्श बैठक (LSC)

ATEC ले मिनार्जी प्रा.लि को सहकार्य र MyClimate को सहयोगमा, नेपालमा वातावरणमैत्री विद्युतीय चुलोबाट खाना पकाउने कार्यक्रम विस्तारको तयारी गर्दैछ। यस अवसरमा, परियोजनासँग सम्बन्धित सबै सरोकारवाला निकाय, संस्था, व्यवसायिक समुदाय तथा इच्छुक व्यक्तिहरूलाई स्थानीय सरोकारवालासँगको परामर्श बैठकमा सहभागी हुन हार्दिक आमन्त्रण गर्दछौं।

यस परियोजनाको उद्देश्य लक्षित क्षेत्रमा घरेलु प्रयोजनका लागि प्रयोग हुँदै आएको परम्परागत प्रदूषित इन्धन (जस्तै–दाउरा, गुइँठा, कोइला) लाई प्रतिस्थापन गरी, स्वच्छ र सुरक्षित विद्युतीय चुलोको प्रयोगलाई प्रोत्साहन गर्नु हो। भविष्यमा ATEC ले नेपालमा सन् २०२८ सम्ममा १ लाख चुलो वितरण गर्ने लक्ष्य राखेको छ।

**बैठकको विवरण**

-मिति : शुक्रबार, २०८२ असोज १० गते (सेप्टेम्बर २६, २०२५)

- समयः बिहान ९:३० देखि दिउँसो २ बजे सम्म

- स्थानः सिद्धार्थ कटेज, मिलनचोक, बुटवल

-अनलाइन सहभागिताः

https://us06web.zoom.us/j/8333824771?pwd=KzJKa1pjZnNPWDZ1TmsrRmM2S2ZhQT09&omn=84264136591&jst=2

बैठकमा परियोजनाको संक्षिप्त जानकारी, GSID-GS12664 अन्तर्गतको दर्ता प्रक्रिया, दिगो विकासका लक्ष्य र अपेक्षित परिणाम, सुरक्षा सम्बन्धी सिद्धान्त, अनुगमन विधि तथा सुझाव-गुनासो संयन्त्र बारे विस्तृत छलफल हुनेछ। सहभागीको राय, सुझाव र अनुभवलाई परियोजना सुधारमा प्रत्यक्ष समावेश गरिनेछ।

**सम्पर्क विवरण**

९८५१०६६५७१ (नेपाल)

+८५५१७८८९९३९ (**WhatsApp – English only**)

**nshrestha@atecglobal.io | ssum@atecglobal.io**

**registry.goldstandard.org/projects | www.atecglobal.io**

**हामी तपाईंको सक्रिय सहभागिता र अमूल्य सुझावको प्रतिक्षामा छौं।**

**ATEC अष्ट्रेलिया अन्तर्राष्ट्रिय प्रा.लि**


## Madhyabindu Municipality

# Madhyabindu Municipal Hospital

**Madhyabindu-7, Nawalparasi East**

**Gandaki Province, Nepal**

# Invitation for Electronic Bids

**Procurement of Laboratory Chemicals and X-Ray Films**

IFB No: MMH/G/NCB/1/2082/83

Date of Publication: 19thAug, 2025 (03Bhadra, 2082)

**यस अगाडी प्रकाशित बिज्ञापनमा अन्यथा भएकाले पुन प्रकाशित गरिएको छ।**

1. The Madhyabindu Municipality, Madhyabindu Municipal Hospital invites electronic bids from eligible bidders for the Procurement of Laboratory Chemicals and X-Ray Films procedures as specified in Public Procurement Act and Regulations.

| S. N. | IFB No. (PackageName) | Bid Security (Amount in NPR.) | Bid Document Fee (NPR.) | Bid Security Validity Date |
|---|---|---|---|---|
| 1 | MMH/G/NCB/1.1/2082/83 (CLIA MACHINE REAGENTS) | 1,70,000.00 | 3,000 | 18thJan, 2026 (04 Magh, 2082) |
| 2 | MMH/G/NCB/1.2/2082/83 (SPECIFIC MACHINES REAGENTS) | 1,80,000.00 | 3,000 | |
| 3 | MMH/G/NCB/1.3/2082/83 (X-RAY FILMS) | 25,000.00 | 3,000 | |

2. Bidder shall Purchase their bid electronically from www.bolpatra.gov.np/egp, Bidders should deposit the cost of bidding document as mentioned on above table for the following Rajaswa (Revenue) Account as specifiedbelow.
   Name of the Bank: Nepal Bank Ltd.
   Name of the Office: Madhyabindu Nagar Aspatal
   Account No.: 31800107578503000001
   Office Code No.: 4080707
   Revenue Head No.: 14229
3. Last Date forBid Submission: 21thSep, 2025 (05Ashoj, 2082) 15:00 hours.
4. Bid Opening Date: 21th Sep, 2025 (05 Ashoj, 2082) 15:30 hours.
5. Bids must be validfor a period of 90 days from the date of bid opening and must be accompanied by a bid security amount mention in above table which shall be valid for 30 days beyond the validity period of the bid.
6. Bid shall be evaluated on item-wisebasis and bidders should must submit Manufacturer's Authorization Letter as per ITB 17.1(c).

# नेटवर्किङ्गको नाममा पाँच जना पक्राउ

**रामकुमार श्रेष्ठ**

*नवलपुर*

नवलपुरको कावासोतीमा नेटवर्किङ विजनेशको नाममा ठगिधन्दा बढेको पाइएको छ। कावासोतीमा रहेको शाखा कार्यालय स्थापना गरी युनिभर्सल इन्टरपेनेर्स प्रा.लि.को नाममा ठगि गरेको पाइएको नवलपुर प्रहरीले जनाएको छ।

ठगी गर्ने पाँच जना नवलपुरको कावासोतीबाट पक्राउ परेको जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी निरीक्षक रामचन्द्र घिमिरेले बताए। पक्राउ पर्नेमा मध्यविन्दु नगरपालिका ८ चोरमारा निवासी २९ वर्षीय समर्पित पाण्डे, कावासोती ८ निवासी ३२ वर्षीय जनक देवकोटा, बौदीकाली १ घर भई कावासोती ३ मध्यविन्दुटोल निवासी २५ वर्षीय सन्तोष कार्की, कावासोती १ रिठ्ठेपानी निवासी २४ वर्षीया मनिसा थापा मगर र कावासोती ५ निवासी २३ वर्षीय हरिप्रसाद भुर्तेल रहेका छन्।

कावासाती नगरपालिका-८ मा रहेको युनिभर्सल इन्टरपेनेर्स प्रा.लि. शाखा कार्यालयमा कार्यरत कर्मचारीहरुले विभिन्न व्यक्तिहरुलाई नेटवर्किङ विजनेश मार्फत प्रशस्त पैसा कमाउन सकिन्छ भन्ने झुटो प्रलोभन देखाउने पाँच जनालाई प्रहरीले पक्राउ गरेको हो।

उनीहरुले विगत २ वर्षदेखि कावासोती ८ मा कार्यालय नै स्थापना गरेर बसेको पाइएको उनले बताए। उनका अनुसार अहिलेसम्म ४ जनाले मात्र लिखित जाहेरी दिए पनि ठगिएका ८ जना प्रहरीको सम्पर्कमा आएकाक छन् भने नवलपुर जिल्ला भित्रकै मात्रै २५ जनाभन्दा बढीलाई ठगि गरेको पाइएको छ। प्रहरीका अनुसार उनीहरुले १८ वर्ष मुनिका किशोर किशोरी समूहलाई बढी प्रलोभनमा पार्ने गरेको पाइएको छ। ति मध्ये किशोरी बढी रहेका छन्। घिमिरेका अनुसार उनीहरुले अनलाइन विजनेश गर्न सिकाउने बाहानामा शुरुमा थोरै थोरै रकम लिने र पछि लगानी गर्नु पर्छ भन्दै धेरै धेरै रकम उठाउने गरेको पाइएको छ। एक जनासँग १ लाख ८० हजारसम्म ठगि गरेको पाइएको प्रहरीले जनाएको छ। अहिलेसम्म जाहेरी आएका ४ जनालाई ४ लाख बढी ठगेको पाइएको उनले बताए।

उनीहरुले काम पनि लगाइदिने भनि रकम लिएर पनि काम नलगाइदिने तथा विभिन्न कम्पनीबाट उत्पादन गरिएका सामानहरु खरिदको रकम हाल्न लगाउने, सामान नदिने र रकम फिर्ता माग्दा समेत फिर्ता नदिएको भनि पिडितहरुले दिएको जाहेरीका आधारमा उनीहरुलाई पक्राउ हो।

उनीहरुलाई अनुसन्धानको लागि पक्राउ गरी ठगी सम्बन्धी कसूरमा नवलपुर जिल्ला अदालतबाट म्याद थप गरी थप अनुसन्धान गरिरहेको प्रहरी निरीक्षक घिमिरेले बताए।उनीहरुले सुरु शुरुमा सामाजिक सञ्जालमार्फत् आकर्षक आम्दानीको बाहानामा किशोर किशोरीहरुलाई सम्पर्कमा ल्याउने र विस्तारै ठूलो रकम ठग्ने गरेको पाइएको हो।

**नेपाल सरकार**

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

## राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

**कार्यक्रम कार्यान्वयन एकाइ**

**रुपन्देही**

## कृषिजन्य यन्त्र/उपकरणहरुको सिलबन्दी मूल्य सूची प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

सूचना नं. ६/२०८२/८३

प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/०५/०४

यस एकाइको चालु आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार लक्षित रुपन्देही/नवलपरासी (ब.सु.प.) जिल्लाको जोन/सुपरजोन कार्यक्षेत्रमा कृषि यान्त्रीकरण सहयोग कार्यक्रमको लागि माग भएका विभिन्न किसिमका कृषिजन्य यन्त्र/उपकरणहरुको मूल्य सूची उपलब्ध गराउन यस एकाइमा सूचिकृत भएका र सूचिकृत हुन चाहने कम्पनी/फर्म/आपुर्तिकर्ता/ उत्पादक संस्थाहरुले आ-आफ्नो संस्था सूचिकृत गरी यस कार्यक्रमको Website piurupandehi.pmamp.gov.np बाट कृषिजन्य यन्त्र/उपकरणहरुको मूल्य सूचि प्रस्ताव फारम डाउनलोड गरी तपसिल बमोजिमको आवश्यक कागजात तथा विधि सहित सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र सिलबन्दी मूल्य सूची प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. सिलबन्दी मूल्य सूची प्रस्ताव सूचना प्रकाशित भएको मितिले १५औंदिन सम्म कार्यालय समय भित्र कार्यक्रम कार्यान्वयन एकाइ, रुपन्देहीमा दर्ता गरी सक्नुपर्नेछ।

२. सिलबन्दी मूल्य सूची प्रस्तावको साथ फर्मको इजाजत पत्र प्रतिलिपि, मूल्य अभिवृद्धि वा प्यान प्रमाणपत्र प्रतिलिपि, २०८१/८२ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि, संचालकको नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि, गुणस्तर चिन्ह प्रमाणपत्र प्रतिलिपि, रङ्गिन चित्र सहितको मेशिनरी क्याटलग र मेशिनरीको परीक्षण प्रतिवेदन संलग्न राखी पेश गर्नुपर्नेछ।

३. मूल्य सूची प्रस्ताव पेश गर्ने आपुर्तिकर्ता कम्पनी/फर्म/उत्पादक संस्थाहरुले ईन्जिनद्वारा सञ्चालित कृषिजन्य यन्त्र/उपकरणहरुको हकमा सम्बन्धित उत्पादक देशको सरकारी मान्यता प्राप्त् संस्थाले प्रमाणित गरेको उक्त यन्त्र/उपकरणको परीक्षण प्रतिवेदन अनिवार्य संलग्न राख्नुमपर्छ।

४. कार्यालयले स्वीकृत स्पेशिफिकेशन सहितको मूल्य सूची प्रस्ताव फारम भरेर विधिवत तरिकाले आवश्यक कागजात सहित फारम पेश गर्ने आपुर्तिकर्ता कम्पनी/फर्म/उत्पादक संस्थाहरुलाई मात्र कार्यालयले स्वीकृत गरेपछि सोही स्पेशिफिकेशन अनुसार प्राप्त भएको विभिन्न कृषिजन्य यन्त्र/उपकरणहरुको दरभाउको प्राप्त मूल्य सूची तुलनात्मक अध्ययन विश्लेषण गरी प्राप्त भएको न्यूनतम मूल्यलाई अनुदान प्रवाहको लागि कायम गरिनेछ।

५. सम्बन्धित स्थानसम्मको ढुवानी सहितको दररेट पेश गर्नुपर्ने छ।

**नोटः माथि उल्लेखित विवरणहरु अपुग हुने गरी पेश भएका सिलबन्दी मूल्य सूची प्रस्तावहरु स्वीकृत गर्न कार्यालय बाध्य हुने छैन।**

**थप जानकारीको लागि परियोजनाको Website: piurupandehi.pmamp.gov.np फोन नं. ०७१५७०२०१, ०७१५७०९१७, ९८५७०१६९१७, ९८५७०१७३८१, ९८५७०१०८६४ मा सम्पर्क राख्नुत हुन अनुरोध छ।**

**मध्यविन्दु नगरपालिका नवलपरासी (ब.सु.पू)द्धारा जारी गरिएको**

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।।

प्रथम पटक प्रकाशित मिति २०८२/५/४

मालपोत कार्यालय कावासोती नवलपरासी (ब.सु.पू) को चलानी नं ७४३ मिति २०८२/०५/३ को प्राप्त पत्रानुसार जग्गा धनि लुद्र बहादुर दर्लामी मगरको नाउँमा दर्ता रहेको साविक वेनीमणीपूर ७ कि.नं.४४६ क्षेत्रफल ०-१०-१६ को जग्गा धनि प्रमाण पूर्जा अरुणोदय ब.सहकारी संस्था लि. च.नं.४०५ मिति २०४८/०३/२१ को प्राप्त पत्रबाट जग्गा रोक्का देखिएको हुनाले उक्त जग्गा फुकुवा गर्नुपर्ने हो वा होईन खुलाई पठाई दिनुहुन भनि लेखि आएको हुनाले मध्यविन्दु नगरपालिकाको कार्यालय चोरमारबाट च.न. ३३६ मिति २०८२/५/४ मा वडा नं १४ को कार्यालयमा सत्य तथ्य बुझि जग्गा धनि पूर्जा फुकुवा गरि दिदा पछि सम्म फरक पर्छ पर्दैन भनि पत्र पठाईएको र वडा कार्यालयको च.नं. १०७ मिति २०८२/५/४ गतेको डा सिफारिस समेत नगरपालिकामा दर्ता भई उक्त सिफारिस पत्र लुद्र बहादुर दर्लामी मगरलाई जग्गा धनि पूर्जा फुकुवा सिफारिस गरिदिनु भनि लेखि आएको हुनाले मध्यविन्दु १४ निवासी थाहा नभएको नाती काशीरामको छोरा लुद्र बहादुर दर्लामी मगरको नाउँमा दर्ता रहेको साविक वेनीमणीपूर ७ कि.नं.४४६ क्षेत्रफल ०-१०-१६ को जग्गाधनि प्रमाण पूर्जाबाट बैंक तथा वित्तिय संस्था,सहकारी संस्था कहाबाट कति पैसा ऋण लिएको थियो र लिएको भए तिर्नुपर्ने रकम चुक्ता भए नभएको आधिकारिक प्रमाण फेला नपरेको हुनाले हाल उक्त अरुणोदय ब. सहकारी संस्था संचालनमा नरहेको र त्यसका संचालक समेत सम्पर्कमा नभएकोले लुद्र बहादुर दर्लामी मगरसँग लिनुपर्ने रकम भएमा सम्बन्धित सरोकारवालाहरुलाई हकदावी सम्बन्धी आधिकारीक प्रमाण सहित सुचना प्रकाशन भएको मितिले ३५ दिन भित्र मध्यविन्दु नगरपालिकाको कार्यालय, वडा नं १४ को कार्यालय र वडा नं १० को कार्यालयमा निवेदन पेश गर्नुहुन हक दावी सम्बन्धी सुचना प्रकाशन गरिएको छ। अन्यथा जग्गा धनि प्रमाण पूर्जा फुकुवाका लागि मालपोत कार्यालय कावासोतीमा सिफारिस गरिने व्यहोरा जानकारी गरिन्छ।


## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



**प्रो. रामशाह शाहानी**

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**

# अझै जीवित छ एक हजार वर्ष पुरानो 'गाउँ पूजा'



ढोरपाटन । अर्ध नग्न शरीर, मोसोले छोपिएको अनुहार र छाति, कम्मरमा सेतो कपडा बाँधेर हातमा धुपीको हाँगो समातेर केही युवा दौडिँदै थिए । ती युवाका पछि ढ्याङ्ग्रो ठट्याउँदै आइरहेका थिए, झाँक्रीहरु । माथिदेखि दौडिँदै आएको झाँक्री र एक हुल युवाको दृश्य अनौठो थियो । यो अवसरको साक्षी बन्न निसेलढोरमा सयौँ मानिस जम्मा भएका थिए ।

यसलाई निसीवासीले नांखा (गाउँ) पूजा भन्छन् । यो पूजा एक हजार वर्ष पुरानो भएको स्थानीयको विश्वास छ । हरेक दुई/दुई वर्षमा हुने गाउँ पूजा पछिल्लो समय मेलाकै रुपमा लिन थालिएको छ । गाउँ पूजालाई मगर खाम भाषामा नांखा पूजा भन्ने गरिन्छ । यो अन्य पूजाभन्दा भिन्न छ । भदौ १ गते निसीवासीले गाउँ पूजालाई धुमधामका साथ मनाउने गर्छन् ।

स्थानीयले साउन मसान्तकै दिनदेखि विभिन्न देवीदेवताका नाममा पूजा गर्ने र साँझ गाउँभरीका झाँक्रीहरु एकै ठाउँमा जम्मा भएर तन्त्रमन्त्र गर्छन् । बिहान सबेरै निसेलढोर गाउँभन्दा माथि रहेको बराह थानमा पुगेर पूजा गर्छन् । बराह थानमा पुगेपछि युवाहरुले अर्ध नग्न बनेर अनुहार र शरीरमा मोसो दली राक्षसको स्वरुप धारण गर्ने गर्छन् । झाँक्री र राक्षसको स्वरुप धारण गरेका कापैले गाउँमा अनिष्ट गर्ने भुतप्रेत र राक्षेसी आत्मालाई उत्तरगङ्गा नदीमा खसाल्ने बुढापाका बताउँछन् ।

**अनिष्ट हुन थालेपछि 'गाउँ पूजा' गर्न थालियो**

सुरुआती समयमा निसेलढोर गाउँमा वर्ष अगाडि अनिष्ट हुन थालेपछि गाउँलेले गाउँ पूजा गर्न थालेको इतिहास रहेको निसीखोला गाउँपालिकाका उपाध्यक्ष प्रेमबहादुर घर्ती मगरको भनाइ छ ।

एक हजार वर्ष पहिले निसेलढोरबाट स्थानीय बसाइँसराइ गरेर अन्तै जाँदा हिँड्न नसक्ने बुढाबुढी (जुजाजुजी) लाई गाउँमाथिको ओडारमा लगेर छोडेको र महिनौँपछि हेर्न पुग्दा उनीहरुको मृत्यु भइसकेको हुँदा उनीहरुको आत्माको शान्तिका लागि गाउँ पूजा थालिएको बुढापाकाले सुनाएको घर्ती बताउँछन् ।

ओडामार मृत्यु भएका जुजाजुजी राक्षसको रुपमा गाउँ पसेरपछि मान्छे मर्ने, धन सम्पत्ति, बालीनालीको क्षति हुने, पशुचौपायासमेत मर्ने गरेपछि सुरु शान्तिका लागि सुरु गरिएको गाउँ पूजा अहिलेसम्म चल्दै आएको उनको भनाइ छ । पहिले निसेलढोर आसपासमा ठूलो बस्ती रहेको प्रमाणित गर्ने अवशेषहरु अहिले भेटिने गरेको उपाध्यक्ष घर्तीमगरले बताए । गाउँ पूजा गर्दा मृत आत्माले शान्ति पाउने र गाउँमा अनिष्ट नहुने उनी बताउँछन् ।

"बुढापाकाका अनुसार पहिले निसेलढोरमा ठूलो बस्ती थियो, अहिले पनि त्यसका अवशेष भेटिन्छन्, त्यसबेला मानिसहरु बसाइँसराइ गरेर अन्तै जाँदा हिँड्न नसक्ने जुजाजुजीलाई गाउँमाथिको ओडारमा छोडे छन्, पछि आफन्त भेट्न आउँदा उनीहरुको मृत्यु भइसकेको रहेछ," उपाध्यक्ष घर्ती मगरले भने-"उनीहरुको मृत्यु भइसकेपछि निसेलढोर गाउँमा अशुभ हुन थालेछ, त्यसपछि सिंगो गाउँमा बस्ने सबैले गाउँ पूजा गर्न सुरु गरे छन्, पूजा गरेपछि गाउँमा अनिष्ट हुन छोडेछ, एक वर्ष पूजा गऱ्यो भने दुई वर्षसम्म अशुभ नहुने मान्यता छ ।"

**भूत धपाउन खोलामा हाम फाल्छन् युवा**

बराह थानबाट पूजा गरेर फर्किएका राक्षसको रुप धारण गरेका कापै अग्लो झोलुङ्गे पुलबाट उर्लिएको उत्तरगंगा नदीमा हाम फल्छन् । जसलाई स्थानीयले भूत प्रेतलाई धपाएको भन्ने गर्छन् । यसरी भूत धपाएपछि गाउँमा कुनै पनि किसिमको अनिष्ट नहुने स्थानीय राजमन बुढा मगरले जनाए ।

यस पुलमा दैविक शक्ति रहेको हुँदा उत्तरगंगामा हाम फाल्ने कापैलाई चोट पटक नलाग्ने र नदीले नबगाउने बुढा मगरले बताए । पहिले झोलुङ्गे पुल नबन्दा काठको साँघुबाटनै कापैले खोलामा हाम फल्ने गरेको उनको भनाइ छ । भूतलाई खोलामा खसाएपछि गाउँलाई रोग व्याधी नलाग्ने, वस्तुभाउ र बालीनाली पनि राम्रो हुने बुढा मगरको भनाइ छ ।

उनले भने-"झाँक्रीले विधिअनुसार कापैलाई तन्त्रमन्त्र गरेको हुन्छ, कापैले अनुहारमा लगाएको मोसो, शरीरमा लेखिएको विभिन्न अक्षर र राक्षसको जस्तो पहिरनले भूत प्रेतलाई फकाउने र लखेट्दै लगेर खोलामा खसाल्ने गरिन्छ, हाम्रो पुर्खाहरुले मान्दै आएको परम्परा अहिलेसम्म चल्दै आएको छ, यसमा धार्मिक विश्वास छ, हाम्रो आस्था छ ।"

**संरक्षणमा युवा र पालिकाको चासो**

गाउँ पूजालाई लोप हुन नदिनका लागि निसीखोला गाउँपालिका-५ का युवाहरुले चासो दिएका छन् । यसवर्ष गाउँ (नांखा) पूजा सञ्चालक तथा व्यवस्थापन समितिमार्फत् पूजा सञ्चालन गरिएको थियो । युवाहरुले चासो नदिँदा लोप हुने हुँदा संरक्षणका लागि आफूहरु लागेको गाउँ (नांखा) पूजा सञ्चालक तथा व्यवस्थापन समिति अध्यक्ष लक्ष्मण छन्त्यालले बताए । युवाहरुलाई एकताबद्ध गराएर पूजा संरक्षणमा लागेको उनको भनाइ छ ।

निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगरले कला संस्कृति संरक्षणका लागि गाउँपालिका हरेक वर्ष बजेट विनियोजन गरी काम गर्दै आएको जनाए ।

लोपोन्मुख संस्कृतिको संरक्षणका लागि पाका पुस्ता र नयाँ पुस्तालाई एकै ठाउँमा राखेर पुस्तान्तरण गर्ने काम गाउँपालिकाले गर्दै आएको उनको भनाइ छ । गाउँ पूजा निसीखोलाको विशिष्ट मौलिक संस्कृति भएको हुँदा पालिकाले प्राथमिकतामा राखेरै संरक्षणमा जोड दिएको अध्यक्ष घर्ती बताउँछन् ।

# प्यूठानको बड्डाँडा बजारमै संकलन केन्द्र



**राधिका भुसाल**

*प्युठान*

कृषिजन्य बस्तुको बजारीकरण सहजताका लागि बड्डाँडा बजारमै संकलन केन्द्र स्थापना गरिएको छ । ऐरावती बहुउद्देश्यीय साना किसान सहकारी संस्था लिमिटेडले सरुमारानी गाउँपालिका -४ बड्डाँडामा कृषिजन्य संकलन केन्द्र सञ्चालनमा ल्याएको हो ।

एक हजार ४ सय ५६ जना सदस्य रहेको ८ सय ४० जना सदस्यले कृषिजन्य बस्तुहरु उत्पादन गर्दै आएको संस्थाको व्यवस्थापक रेवतप्रसाद खनालले बताए । २०६० साल पुस ६ गते विधिवत रुपमा सञ्चालनमा आएको यस सहकारीले २०६३ सालदेखि संकलन केन्द्र सञ्चालन गरेको उनको भनाइ छ ।

'हाम्रा सदस्यहरुलाई व्यवसायी बनाउन प्रधानमन्त्री आधुनिकीकरण परियोजनाको सहयोगमा अदुवा खेती चाक्ला बन्दि क्षेत्र विस्तार कार्यक्रम समेत सञ्चालन गरेका छौं,' उनले भने-'पाँच सय ५० जना सदस्यहरुले व्यवसायिक अदुवा खेती गर्दै आएका छन् ।' सरुमारानी गाउँपालिका ३ सजिकोटका ७८ जना किसानलाई आबद्ध गराई २ रोपनी जमिनमा अदुवा तथा बेसार खेती गर्दै आएको व्यवस्थापक खनालले जानकारी दिए । अदुवालाई मूल्य वृद्धि शृंखलामा जोड्न १४ वटा अदुवा भण्डारण भकारी निर्माण गरिएको उनको भनाइ छ ।

ग्राहकको मागलाई मध्यनजर गरी उनीहरुको सहजताका लागि संकलन केन्द्रको शाखा विस्तार गरिएको समेत उनले बताए ।

सरुमारानी गाउँपालिका -४ बड्डाँडामा सञ्चालन गरिएको संकलन केन्द्रमा विशेष गरी विभिन्न सिजनको मह, अदुवा, बेसार, धुलो बेसार, पिंडालु, चिउरी घ्यू, भटमास, सिमि, बोडीको दाल, तरुल, गुन्द्रुक, सिस्नोको धुलोलगायतका करिव ३० प्रकारका कृषिजन्य बस्तुहरु खरिद बिक्री गर्दै आएको पूर्णबहादुर घर्ती मगरले बताए । 'हामीले मुख्य गरी काठमाडौं, बुटवल र पूर्वी रुकुम सन्धिखर्कमा रहेको सारथी बहुउद्देश्यीय सहकारीमा यहाँको सामान बिक्री गर्ने गरेका छौं,' संकलन केन्द्रका सञ्चालक मगरले भने-'यहाँ उत्पादन नहुने ओखरको घाँजी, भागोको तेल र कालो चामल आयात समेत गर्ने गरेका छौं ।'

गत असोजदेखि शाखा विस्तार गरी सञ्चालनमा ल्याएको संकलन केन्द्रबाट मासिक करिव २ लाख ५० हजार बराबरको कारोबार हुने गरेको उनले बताए ।

संकलन केन्द्रबाट बिक्री वितरण गरिने अदुवाको धुलोको लेवलिङ र प्याकेजिङमा प्रधानमन्त्री आधुनिकीकरण परियोजना कार्वान्वयन इकाई प्यूठानले सहयोग गर्दै आएको मगरले बताए । कृषि उपजको बस्तुहरुको स्टिकर छपाइमा एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालयले सहकार्य गर्दै आइरहेको छ । साथै बजारमा राखिएको संकलन केन्द्रको घरको भाडा सरुमारानी गाउँपालिकाले दिने गरेको छ ।

# संघीय सरकारले छ स्थानीय तहलाई सम्मान गर्ने



बुटवल । सङ्घीय सरकारले उत्कृष्ट नतिजा ल्याउने छ वटा स्थानीय तहलाई सम्मान गर्ने भएको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यही भदौ ६ गते आर्थिक वर्ष २०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (लिसा)मा उत्कृष्ट नतिजा ल्याएका स्थानीय तह घोषणा गर्दै सम्मान गर्ने भएको हो ।

'गाउँपालिका/नगरपालिकाको कार्यप्रक्रिया र उपलब्धिको लेखाजोखा गरी शासकीय प्रक्रिया र विकास व्यवस्थापनमा गर्नुपर्ने सुधारका क्षेत्रहरु पहिचान गर्ने, आवधिक समीक्षाको आधार प्राप्त गर्ने र स्थानीय सरकारबिच स्वस्थ प्रतिस्पर्धीको भावना जागृत गराउने उद्देश्यले कार्यान्वयनमा रहेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको आव २०८०/८१ को नतिजाको गुणस्तर परीक्षण' सम्पन्न भएको मन्त्रालयले जनाएको छ ।

गुणस्तर परीक्षणपश्चात् कायम भएको स्वमूल्याङ्कनको अन्तिम नतिजा सार्वजनिक गरी राष्ट्रियस्तरमा उच्चतम अङ्क हासिल गर्ने गाउँपालिका तथा नगरपालिकालाई सम्मान गर्न लागिएको हो ।

यस आधारमा मन्त्रालयले खैरहनी नगरपालिका चितवन, तिलोत्तमा नगरपालिका रुपन्देही, नीलकण्ठ नगरपालिका धादिङ, अर्जुनचौपारी गाउँपालिका स्याङ्जा, बेनीघाट रोराङ गाउँपालिका धादिङ र रुरुक्षेत्रगाउँपालिका गुल्मीलाई सम्मान गर्ने भएको हो ।

राष्ट्रियस्तरमा उच्चतम अङ्क हासिल गर्ने गाउँपालिका तथा नगरपालिकालाई सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेको उपस्थितिमा सम्मान गर्ने र स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीको शुभारम्भ गरिने कार्यक्रम तय भएको छ ।

# ब्रह्माकुमारी राजयोग सेवा केन्द्रद्वारा वृहत्त रक्तदान अभियान सञ्चालन



बुटवल । ब्रह्माकुमारी राजयोग सेवा केन्द्रले विश्व बन्धुत्व दिवसका अवसरमा वृहत रक्तदान अभियान आयोजना गरेको छ ।

केन्द्रले संस्थाका एशोसियट अन्तरराष्ट्रिय मुख्यालय 'प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय' भारतका पूर्वमुख्य प्रशासिका डा प्रकाशमणिको १८औं पुण्य तिथि पारेर एक लाख युनिट रक्त-सङ्कलन गर्ने लक्ष्यसहित बृहत रक्तदान अभियान आयोजना गरेको हो ।

विशाल रक्तदान, महादान अभियानको रुपमा चार दिनसम्म कार्यक्रम आयोजना गरिएको ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय एंव राजयोग प्रशिक्षण केन्द्र बुटवलले बुधबार बुटवलमा आयोजना गरेको पत्रकार सम्मेलनमा जानकारी गराइयो ।

अभियान यही भदौ ६ देखि ९ गतेसम्म सञ्चालन हुने र अभियानमा नेपाल र भारतमा रहेका हजारौं ब्रह्माकुमारीका सदस्यहरू, विभिन्न सामाजिक संस्था तथा सङ्घ-सङ्गठनको सक्रिय सहकार्य रहने पत्रकार सम्मेलनमा जानकारी गराइयो । उक्त अभियानमा सहभागी भएर बृहत रक्तदान गरी महादान गर्न सबै सङ्घ संस्था र आमनागरिकमा ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय बुटवलकी प्रमुख कमला दिदीले आह्वान गरिन् ।

विशाल रक्तदान, महादान अभियानअन्तर्गत भदौ ६, ७ र ९ गते राजयोग प्रशिक्षण केन्द्र बुटवलमा, भदौ ७ गते ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय, ४ न. जीतपुर, कपिलवस्तुमा, ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय, मुर्गियामा, अर्घाखाँचीमा आयोजना गरिएको ब्रह्माकुमारी कमला दिदीले जानकारी दिइन् । यस्तै भदौ ६ गते नै ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय गुल्मी र ९ गते नवलपरासीमा आयोजना गरिएको छ ।

भदौ ६ देखि ९ गतेसम्मको ४ दिनमा १ लाख युनिट रगत सङ्कलन गर्ने लक्ष्यसहितको यो अभियान हालसम्मको सबैभन्दा ठूलो रक्तदान एवं सङ्कलनसम्बन्धी मानवीय प्रयासका रूपमा रहने बताइएको छ ।

ब्रह्माकुमारी राजयोग सेवा केन्द्रको मूल्य र मान्यताअनुसार, यस अभियानको मूल उद्देश्य गम्भीर अवस्था वा मृत्युमुखमा पुगेका बिरामीलाई जीवनदान प्रदान गर्नुका साथै समाजमा दया, सहयोग र विश्व बन्धुत्वको सन्देश फैलाउनु रहेको बताइएको छ ।

ब्रह्माकुमारी राजयोग सेवा केन्द्रले विगत ५५ वर्षदेखि मुलुकमा शान्ति, सद्भाव, राष्ट्रिय एकता र धार्मिक सहिष्णुतालाई कायम गर्न तथा आध्यात्मिक, नैतिक, चारित्रिक र मानवीय मूल्यहरूको पुनस्थापन गर्नमा महत्वपूर्ण सामाजिक-आध्यात्मिक कार्यहरू गर्दै आएको छ । नेपालमा एक लाखभन्दा बढी संख्याका जनसमुदायलाई धुम्रपान, मद्यपान, लागुपदार्थजस्ता कूलत र दुर्व्यसनबाट मुक्तिको कार्यमा सहयोग गर्दै आइरहेको छ ।


आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com



आत्महत्या समस्याको समाधान होइन ।

आत्महत्याका प्रमुख कारण:
- मानसिक तनाव, डिप्रेशन वा निराशा,
- पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
- बेरोजगारी, आर्थिक संकट र ऋण लाग्नु,
- हिनताबोध, आवेश र घुर्की देखाउनु,
- व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूर्वी हुन नसक्नु,
- सोचे अनुसार सफलता प्राप्त नहुनु,
-सामाजिक बहिष्कार वा दुव्यवहार आदि ।

रोकथामका उपाय:
- आफन्त, साथी वा विश्वासिला व्यक्तिसँग समस्या साटासाट गरौं,
- तनाव वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं,
- आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं,
- तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौ र सहयोग गरौं ।

"एक–अर्काको सहारा बनौं, आत्महत्या होइन समाधान खोजौं"

नेपाल सरकार विज्ञापन बोर्ड


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com